# ब्यवसायिक गाईपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष २० गतेदेखि २२ गतेसम्म झापा जिल्लाको धुलाबारीमा **"ब्यवसायिक गाईपालन तालिम"** सम्पन्न गरेको संस्थाका धुलाबारी शाखा कार्यालयका शाखा प्रमुख कृष्ण प्रसाद पौडेलले जानकारी गराउनु भएको थियो । यस तालिममा प्रशिक्षक श्री पदमलाल राई, दिवश राई, क्षेत्रीय प्रमुख श्री लक्ष्मीपति काफ्ले र शाखा प्रमुख श्री कृष्ण प्रसाद पौडेल रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख लक्ष्मीपति काफ्लेले बताउनु भएको थियो । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको दमक शाखा कार्यालयका प्रमुख कृष्ण प्रसाद पौडेलले प्रकाश पार्नु भएको थियो ।

गाईपालन तालिममा गाईपालनको परिचय देखी लिएर यसका फाईदा,बेफाइदा, गाईपालनका प्रणालीहरु, गाईका नश्ल/जातहरु,ब्यबसायका लागी उपयुक्त जातको छनौट, गाईको गोठ ब्यबस्थापन, गाई तथा बाच्छा बाच्छी ब्यबस्थापन, गाईको आहार ब्यबस्थापन,आहारको बर्गीकरण, प्रजनन् ब्यबस्थापन, गाईमा लाग्ने रोगहरु र यसको नियन्त्रण र रोकथामका उपायहरु,

गाईको मल व्यबस्थापन ,जैबिक सुरक्षाको महत्व तथा उपायहरु,फार्म अभिलेख व्यबस्थापन, गाईको आम्दानी खर्च सम्बन्धी बिष्लेषण , गाईपालन फर्म निरीक्षण गर्ने, दुध तथा दुग्ध जन्य पादार्थको बजार व्यवस्थापन, गाईपालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक बचत, कर्जा सदुपयोगीता साथै संस्थाका सेवाहरुको बारेमा शाखा प्रमुख कृष्ण प्रसाद पौडेलले जानाकारी दिनु भएको थियो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशमा देशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त बित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखा कार्यालयहरु, १० वटा क्षेत्रीय कार्यालयहरु र केन्द्रीय कार्यालय गरी कूल १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पु¥याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ मंसिर मसान्तसम्ममा ३ लाख ३३ हजार १४१ घरपरिवारहरुमा सेवाविस्तार गरेको छ । संस्थाको २०७५ मंसिर मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ५२ करोड ४३ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ३३ करोड ४२ लाख बचत परिचालन गरेको छ । गाईपालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको शाखा प्रमुख श्री कृष्ण प्रसाद पौडेलले जानकारी गराउनु भएको थियो ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री रेनु काफ्ले दाहाल, सहभागी श्री बिकाश कोईरालाले मन्तब्य राखेका थिए ।व्यवसायिक रुपमा उन्नत गाइपालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । गाइपालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख लक्ष्मीपति काफ्लेले जानकारी गराएका थिए । तालिमको संचालन धुलाबारी शाखाका लेखापाल जिबलाल सुबेदीले गर्नु भएको थियो भने सो तालिमको उद्घघाटन मेचिनगर नगरपालिका वडा नं. १० का वडाध्यक्ष श्री सुबेश पनेरुले गर्नुभएको थियो । तालिमको समापन तथा सहभागीलाई प्रमाण पत्र बितरण मेचिनगर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्र थापा मगरले गर्नु भएको थियो ।